## भाग १

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २१

२०११।८।३५

शिक्षामन्त्रालय–अन्तर्गत त्रि–चन्द्र कलेज बोटानी विभागका निमित्त एक डेमोन्स्ट्रेटर चाहिएको छ। उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०११ साल माघ २ गते रोज १ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक हुलाक गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ।

पदको विवरण यस प्रकार छः—

१. पदः— डेमोन्स्ट्रेटर, नन्गजेटेड तथा अस्थायी (१ वर्ष ६ महिनाको)
२. आवश्यक न्यूनतम योग्यताः— बायलजीसमेत लिई बी. एस्. सी. पास गरेको।
३. मासिक तलब स्केलः— मो. रु. १४०।—२८०।
४. मासिक भत्ताः— महँगी भत्ता मो. रु. २०।
५. अभ्यास अवधिः— ६ महिना।

आज्ञे—

खड्गमान मल्ल एम्. ए.

सेक्रेटरी,—पब्लिक सर्भिस कमिशन

सिंहदरबार, काठमाडौं, नेपाल.

## सल्लाहकारसभा सचिवालयको सूचना नं. १

२८।६।०११

सल्लाहकार सभाको १६ ज्येष्ठ, २०११ को बैठकमा श्रीबालचन्द्र शर्मा, सल्लाकार सभाको कार्यसञ्चालन तथा कार्यविधिको नियम ६ अनुसार, सल्लाहकार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।